तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१

चलानी नं:

## नदीजन्य पदार्थको बिक्रि शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सुचना

## प्रथम पटक प्रकाशित मिति :२०८१/३/२६

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ घ ६, प्रदेश नं. ५ प्रदेश ऐन, २०७५ को दफा ८, प्रदेश कर तथा गैर क राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १५ को उप-दफा ५ तथा नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ एवं तुलसीपु उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ कार्यन्वयन गर्न यस तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र तोकिए बमोजिमक दरमा देहाय बमोजिमका खोला तथा नदीहरुको स्वीकृत घाट/क्षेत्र अनुसार छुट्टा छुट्टै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धी करमा दर्ता भएका ईच्छुक फर्म वा व्यक्तिले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी दर्ता प्रमाणपत्र सहित बोलप फाराम खरीद गरी निर्धारित मापदण्ड तथा स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित नियम तथ सम्झौता एवं तोकिएका शर्त बमोजिम नदींजन्य पदार्थको बिक्रि शुल्क असुल उपर गर्न चालु आ.व. २०८१/२०८२ को लागि बोलपत्र आह्वान गरिएको छ। साथै E-Bidding/Hard copy को माध्यमबाट बोलपत्र पेश गर्न चाहने ईच्छुक फर्म वा कम्पनील www.bolpatra.gov.np/egp बाट वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा वैंक तुलसीपु स्थित खाता नं ०३०१०१४००२५००९२ मा जम्मा गरी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचन प्रकाशित गरिएको छ।

### तपसिल

| क्र.सं. | ठेक्का विवरण | ठेक्का नं. | घाट/क्षेत्र | परिमाण (घ.मि.) | न्यूनतम अंक (भ्याट बाहेक) रु | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | तुलसीपुर उपमहानगरपालिका अर्न्तगत पत्रेखोला र हापुर खोला दोभान क्षेत्र र हापुरखोला कोठरी पुल देखि दक्षिण वडा नं १५,१७ | रा/५/०८१/०८२ | पत्रेखोला तथा हापुर खोला दोभान क्षेत्र वडा नं १७ | ५,८०० | १६,३८,६१६।- | ३,०००।- | कवोल अंकको ५ प्रतिशत |
| | | | हापुर खोलाको कोठरी पूल देखि ५०० मि दक्षिण तर्फको क्षेत्र वडा नं १५ | ४,००० | ११,३०,०८०।- | | |
| | | | हापुर खोला र बबई नदी दोभान क्षेत्र वडा नं १५ | ३,००० | ८,४७,५६०।- | | |
| | | | | जम्मा १२,८०० | जम्मा ३६,१६,२५६।- | | |
| २ | तुलसीपुर उपमहानगरपालिका अर्न्तगत भम्केपूल देखि उत्तरतर्फको बटौलपुर क्षेत्र र भम्के पक्की पुलदेखि दक्षिणतर्फको बटौलपूर क्षेत्र | रा/६/०८१/०८२ | भम्केपूलदेखि उत्तरतर्फको बटौलपुर क्षेत्र वडा नं ८ | ५२५ | १,४८,३२३।- | ३,०००।- | |
| | | | भम्के पक्की पुलदेखि दक्षिणतर्फको बटौलपूर क्षेत्र वडा नं ८ | ६,६०० | १८,६४,६३२। | | |
| | | | | जम्मा ७,१२५ | जम्मा २०,१२,९५५।- | | |

गेहेन्द्र बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१

चलानी नं:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | तुलसीपुर उपमहनगरपालिका अर्न्तगत भक्केखोला तथा पातुखोला दोभान देखि उत्तरतर्फको क्षेत्र वडा नं ८ | रा ७/०८१/ ०८२ | भक्केखोला तथा पातुखोला वडा दोभान देखि उत्तरतर्फको क्षेत्र वडा नं ८ | १५,४०० | ४३,५०,८०८।- | ३,०००।- | |
| ४ | तुलसीपुर उपमहनगरपालिका अर्न्तगत वबइ क्षेत्र अर्न्तगत भोजपुर घाट क्षेत्र वडा नं १४ | रा ८/०८१/ ०८२ | भोजपुर घाट क्षेत्र वडा नं १४ | १०,००० | २८,२५,२००।- | ३,०००।- | |
| ५ | तुलसीपुर उपमहनगरपालिका अर्न्तगत गोठुवा गनार बबई नदि र ग्वारखोला दोभान क्षेत्र वडा नं १४ | रा ९/०८१/० ८२ | गोठुवा गनार बबई नदि र ग्वारखोला दोभान क्षेत्र वडा नं १४ | १०,५०० | २९,६६,४६०।- | ३,०००।- | |
| ६ | तुलसीपुर उपमहनगरपालिका अर्न्तगत शितलपुर पुल देखि पूर्वतर्फको क्षेत्र वडा नं १२ | रा १०/०८१/ ०८२ | शितलपुर पुल देखि पूर्वतर्फको क्षेत्र वडा नं १२ | १०,५०० | २९,६६,४६०।- | ३,०००।- | |
| ७ | तुलसीपुर उपमहनगरपालिका अर्न्तगत शितलपुर पुल देखि पशिचम तर्फको क्षेत्र | रा ११/०८१/ ०८२ | शितलपुर पुल देखि पशिचम तर्फको क्षेत्र | १०,००० | २८,२५,२००।- | ३,०००।- | |

**शर्त तथा वन्देजहरु :**

१. माथि उल्लेखित ठेक्काहरुको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरि छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

२. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दत प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% र विदेर्श नागरिक भए १०% ले हुने धरौटी रकम यस उप महानगरपालिकाको नेपाल इन्भेष्टमेन्टमेन्ट मेगा वैंक तुलसीपुर स्थिर ०३०१०१४००२५००३० धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्‍ बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. नियमानुसार मु.अ. करमा दर्ता भएका ईच्छुक फर्म वा कम्पनीबाट तोकिएको प्रति क्यु.फुट रु.८।- का दरले कायम गरिएक न्यूनतम अंकमा नघट्ने गरी बढाबढ तथा २०% भन्दा घटी शिरोभार खर्च (लागत) सहित मुनाफा राखी बिक्रि वितरण ग

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

२०७३

पत्र संख्या:२०८० /०८१

चलानी नं: ६०२५

गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयबाट तोकिए बमोजिमको बोलपत्र दस्तुर (पछि फित
नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरि ३१ औं दिनको १२:०० बजे भित्र रित पुर्वकको शिलबन्दी बोलपत्र पेश ग
पर्नेछ ।

४. पेश हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधी एवं बोलपत्र दाता वा निजको प्रतिनिधीकं
रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिनेछ ।

५. प्रि-विड मिटिङ्ग सुचना प्रकासन भएको मितिले २१ औं दिनको दिउंसो १:०० बजे यस कार्यालयमा हुनेछ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

७. बोलपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यत
दिईने छ ।

८. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन् ।

९. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले १५ दिन भित्र सम्बन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का अंकक
रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रीम आयकर रकम
आ.रा.का.मा दाखिला भएको प्रमाण पेश भए लगत्तै सम्झौता हुनेछ । एकमुष्ट रकम बुझाउन नसकिने अवस्थाको निवेद
प्राप्त भएमा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी बांकि ५० प्रतिशत ले हुन आउने रकम
बराबरको २०८२ साल श्रावण मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबा
मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टि (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । उक्त बांकि ५० प्रतिशत रकम
२०८२ साल बैशाष मसान्तसम्म नियमानुसार बुझाई सक्नु पर्नेछ । तोकिएको समय भित्र बाँकि ५०% रकम दाखिल
नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेण्टि (परफरमेन्स वण्ड) बाट किस्ता रकम र १०% ले हुन आउं
जरीवाना वापतको हर्जाना रकम असुल उपर गरि अर्को व्यवस्था गर्न सकिनेछ ।

१०. उपरोक्त न्युनतम अंकमा मुल्य अभिबृद्धि कर (VAT) समावेश नभएको हुँदा सम्बन्धित ठेकेदारले बिक्रि शुल्क असुल गद
तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरि फरक भ्याट रसिदबाट असुल उपर गर्नु पर्नेछ ।

११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ ।

१२. तोकिएको न्युनतम अंकमा बढाबढ गरी सबै भन्दा बढि अंक कबोल गरेको लाई छनौट गरिनेछ । साथै कबोल अंक बराब
भएमा कम शिरोभार प्रतिशत कबोल गर्नेलाई छनौट गरिनेछ । कबोल अंकमा आधारित भै कबोल गरिएको शिरोभार तथ
नाफा प्रतिशतको आधारमा अन्तिम बिक्रि मुल्य कायम हुनेछ ।

१३. हेभी मेशिनरी औजार (स्काईभेटर, डोजर) लगायतका ठुला उपकरणहरु प्रयोग गरि नदीजन्य पदार्थ उत्खनन् / संलकन ग
पाईने छैन । तर विकास निर्माण कार्यको लागि मात्र आवश्यक पर्ने नदीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्व
समितिको स्वीकृती लिई यस उपमहानगरपालिकाको निर्णयानुसार खोला/ नदिलाई Channelizing गरि नदिको Be
Materials लाई विशेष ध्यान दिई प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको परिधिभित्र रहि प्रतिवेदनमा उल्लेखि
शर्तहरुको पुर्ण रुपमा पालना गर्ने गरि Backhoe Loader मेशिन निश्चित समयको लागि मात्र प्रयोग गर्न दिन सकिनेछ ।

१४. नदीजन्य पदार्थको संकलन, भण्डारण र घाटगद्दी को व्यवस्था संकलन स्थलबाट न्युनतम ५०० मिटरको दुरीमा बन क्षेत्र
सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध नहुने गरि गर्नु पर्नेछ ।

१५. घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि यस कार्यालयमा निवेदन दिनु पर्नेछ र यस कार्यालय
बाट नदीजन्य पदार्थ घाटगद्दी गरिएको स्थानको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गरा
कार्यालयबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दी स्थलबाट मात्र नदीजन्य पदार्थ बिक्र
गर्न पाईनेछ ।

१६. कुनै पनि बहानामा अस्थायी चलन पुर्जी दिन कार्यालय बाध्य हुने छैन ।

बहादुर डाँगी

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१

चलानी नं:

१७. यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकम नेपाल बन्द, आम हडताल, नाकाबन्दी र चक्का जाम जस्ता अप्रत्यासित घटन वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफि माग गर्न पाईने छैन । तर नेपाल सरकार वा न्यायिक निकायबाट कुनै श्रोत संकलन तथा उपयोगमा बन्देज लगाएमा तुलसीपुर उपमहानगरपालिकाको निर्णयानुसार बन्देज लगाएको कारणबा उत्खनन्, संकलन गर्न नसकेको परिमाणको हिसाब गरी दामासाहीले हुन आउने रकम मिलान/ फिर्ता गर्न सकिनेछ ।

१८. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१९. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन । साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ । (IEE प्रतिवेदन बारे तथा अन्य विषयमा बुझ्न चाहेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

२०. घाटगद्दी गरिएको नदीजन्य पदार्थ लोड गर्ने प्रयोजनका लागि Backhoe Loader प्रयोग गर्न सकिनेछ ।

२१. घाटगद्दीबाट बिक्रि वितरण गर्दाको अवधिमा उत्खनन् कार्य गर्न पाईने छैन ।

२२. नदिजन्य पदार्थ उत्खन्न, संकलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

२३. नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल यस उ.म.न.पा. मा बुझाउनु पर्नेछ ।

२४. संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी स्वंयम आफैले गर्नु पर्नेछ ।

२५. उत्खनन्, संकलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुक विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

२६. नदिजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, मिस्कट) उत्खन्न/संकलन एवं ढुवानी कार्यमा स्थानीयवासीलाई पहिलो प्राथमिकत दिई कार्य गर्नु गराउनु पर्नेछ ।

२७. घाटगद्दी स्थलमा तोकिएको नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थल बाहेक अन्य भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु यस कार्यालयले जफत गर्नेछ ।

२८. नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

२९. उत्खनन् स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरि नाप जाँच गर्न मिल्ने गरी चट्टा बनाउने (पाएलिङ्ग) जिम्मा स्व ठेकेदारको हुनेछ ।

३०. कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री ग पाउने छैन । बिक्री गरेको पाइएमा यस कार्यालयले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

३१. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन । साथै नदीजन्य पदार्थ ढुवान स्थलबाटै बाक्लो त्रिपालले ढाकेर लैजानु पर्नेछ, सडकमा पानी चुहाएर ढुवानी गर्न पाईने छैन र सवारीको गति ४० कि.मी प्रति घण्टा भन्दा बढिमा हाक्न पाईने छैन ।

३२. नदिजन्य पदार्थ लोड गरि ओसारपसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ्ग गर्न पाईने छैन ।

३३. शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन बिहान ८:०० बजे देखी बेलुका ६:०० बजेसम्म चलाउ पाईने छैन ।

३४. नदिजन्य पदार्थको निकासी गर्ने बाटो मर्मतको व्यवस्था बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ । सो खर्चको दावी गर्न पाईने छैन ।

३५. नदिजन्य पदार्थको उत्खन्न, संकलन एवं ढुवानी गर्दा खटिएका कार्यालयका सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीकहरुक निर्देशन पालना गर्नुपर्नेछ ।

३६. नदिजन्य पदार्थ उत्खन्न गरिसके पछि छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थानमा निकालिएको हो सोहि स्थानमा लगी मिलाएर छाड्नु पर्नेछ । उत्खन्न गर्दा नदिको धार नबदलिने गरी उत्खन्न गर्नुपर्नेछ ।

पत्र संख्या:२०८० /०८१

चलानी नं:

३७. नदिजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनलाई पटकै पिच्छे बिक्रि आदेश वा बिल स्पष्टसंग भरी जारी गरिएकं हुनुपर्नेछ ।

३८. नदिजन्य पदार्थको उत्खनन् / संकलन एवं ढुवानी गर्ने मुल बाटोबाट सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गं र धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ ।

३९. नदिको दुवै किनारामा नदिको चौडाईको १/३ भाग भन्दा बढि क्षेत्रमा कुनै उत्खनन् एवं संकलनको कार्य गर्न पाईने छैन साथै IEE ले निर्दिष्ट गरेको भौगोलिक अवस्थिती GPS Point ले देखाएको अक्षांश र देशान्तरले निर्दिष्ट गरेको तथा हार स्थलगत दुबै अवस्थालाई आधार मानि कायम क्षेत्रमा मात्र उत्खनन् एवं संकलनको कार्य गर्नु पर्नेछ ।

४०. तोकिएको परिमाण पुरा हुना साथ उत्खनन्, संकलन कार्य बन्द गर्नु पर्नेछ ।

४१. घाटगद्दीबाट बिक्रि वा ओसारपसार गर्ने एकमुष्ट आदेश प्राप्त गरेपछि ठेकेदारले उ.म.न.पा.ले तोकेको नमुनाको पटके बिक्रि आदेश बिजक संगै जारी गर्नु पर्नेछ । सो को अभिलेख तोकिएको ढाँचाको खातामा राखी पटके बिक्रि आदेशको एक प्रति सो को परिमाण खुल्ने तेरिज तयार गरि राजश्व शाखामा साप्ताहिक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ । छपाई सम्बन्धि कार स्वयम ठेकेदारले गर्नु पर्नेछ ।

४२. Deposit भएको नदिजन्य पदार्थ उत्खनन्, संकलन गर्दा तोकिएको खोला नदिको Channel क्षेत्रमा रहेका Deposit मा: उत्खनन्, संकलन एवं बिक्रि वितरण गर्नु पर्नेछ ।

४३. नदीलाई Channelizing गरी उत्खनन्, संकलन गर्दा नदीको Bed Materials लाई विशेष ध्यान दिई नदिको दुवै किनार कटानलाई सुरक्षा हुने गरि संकलन गर्नु पर्नेछ ।

४४. नदिजन्य पदार्थको उत्खनन् / संकलन क्षेत्रको नक्सासहित परिमाण र अन्य जानकारी सहितको Hoarding Board खोल तथा नदिको स्वीकृत घाट/क्षेत्रमा राख्नु पर्नेछ ।

४५. नदिजन्य पदार्थको उत्खनन् गर्न दिईएको क्षेत्रको चार किल्ला चारै कुनामा ८ फिट लम्बाईको फलामे वा काठको किल्ल ३.५ फिट गाडि चिन्ह लगाई सोही किलामा झण्डा झुण्ड्याई सोहि बमोजिम उत्खनन् गर्नु पर्नेछ ।

४६. दर रेट सहितको साईनबोर्ड सबैले देख्ने गरि सम्बन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ । तर राजमार्ग व सहायक राजमार्गमा यातायात अवरुद्ध हुने गरि कुनै काम गर्न / गराउन पाईने छैन ।

४७. सिचाई कुलो बाँधको ५० मिटर तल / माथि, दाँयाबाँया छाडेर मात्र नदिजन्य पदार्थ निकाल्न पाईनेछ । तर Ove Deposit भएको नदिजन्य पदार्थ उठाउनै पर्ने आवश्यकता महशुस भै सम्बन्धित निकायले सिफारिश गरेमा यस उ महानगरपालिकाको निर्णयानुसार हुनेछ ।

४८. जिल्ला अनुगमन तथा समन्वय समिति र यस तुलसीपुर उपमहानगरपालिकाले समय समयमा दिएको निर्देशन / परिपत्रकं अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

४९. अर्काको घर जग्गा, कुलो, बाँध, पैनी र सार्वजनिक भवनलाई क्षति हुने गरी नदीजन्य पदार्थ निकाल्न पाईने छैन ।

५०. उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेबारी स्वयं ठेकेदारको हुनेछ । कुनै शर्त पालना नगरेको पाइएमा तुलसीपुर उ महानगरपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ ।

५१. ठेकेदार र कार्यालय बीच ठेक्काको शर्त तथा अन्य विषयमा कुनै विवाद भएमा तुलसीपुर उपमहानगरपालिकाको निर्ण अन्तिम हुनेछ । यसमा ठेकेदार को कुनै उजुरी लाग्ने छैन ।

५२. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउंदा लाग्ने करहरु बुझाई सकेको (कर चुक्ता) प्रमाणपत्र पेश गरेपछि मा: धरौटि वा जमानी फुकुवा गरिनेछ ।

५३. आफुले लिएको ठेक्काको चलान गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१

चलानी नं:

५४. रसिदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसिद नं. दाखिला गरेर यस कार्यालयलाई बुझाउं रकमको हकमा कार्यालयको छाप लागेको र भ्याट प्रयोजनको लागि भ्याट नं. उल्लेख भएको फर्मको आफ्नो छुट्टै रसि मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

५५. सम्झौतामा उल्लेखित परिमाण भन्दा बढि नदीजन्य पदार्थ उत्खनन् गरेको पाईएमा बढि उत्खनन् गरेको परिमाणक मुल्यांकन गरि मुल्यांकनको दोब्बर रकम जरिवाना गरिनेछ ।

५६. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व ब्यवस्थापन शाखामा सम्पव राख्न हुन समेत जानकारी गराईन्छ ।

५७. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

गेहेन्द्र बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत